संघीय संसद
राष्ट्रिय सभा
अठारौँ अधिवेशन
बैठक-३
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)
२०८२ वैशाख १९ गते, शुक्रवार

*बैठक प्रारम्भ : ५:१८ बजे*
*बैठक स्थगित : ५:२५ बजे*

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न ५:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई सम्वत् २०८२ साल वैशाख १९ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा सम्माननीय प्रधानमन्त्रीले उक्त सम्बोधनको प्रति सभा समक्ष टेबुल गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्न देहाय बमोजिमको धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुभयोः-

"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८२ साल वैशाख १९ गते अपराह्न ३:०० बजे गर्नुभएको सम्बोधनका लागि राष्ट्रिय सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले उपरोक्त प्रस्तावलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहुँदा सभाको सहमति भयको जनाउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले नेपाल सरकारको नीति तथा कार्यक्रममाथि राष्ट्रिय सभा नियमावली २०७५, को नियम ३८ को उपनियम (२) वमोजिम संशोधनको सूचना पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले सम्वत् २०८२ वैशाख २१ गते बिहान ११ बजेदेखि अपराह्न २ बजेभित्र कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा सूचना दिन सकिने र संशोधनको सूचना फाराम सोही शाखाबाट उपलब्ध हुने ब्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२।०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्न सम्वत् २०८२ वैशाख २२ गते र २३ गतेको दिन निर्धारण गरिएको ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८२।०८३ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि हुने छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा छलफल हुने दिनको १ दिन अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा

उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति **२०८२ साल वैशाख २१ गते आइतबार अपराह्न १२ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव